# Arun Valley Hydropower Development Company Ltd.

Regd. No. 934/062/63
Pan No.: 500103814

G.P.O. Box 11039, 2nd floor, Trade Tower Nepal, Thapathali, Kathmandu, Nepal
Head Office : - Tel.: +977-01-5111086
E-mail : arunvalley2054@gmail.com, Website: www.arunhydro.com.np


च.नं. १५ /८१/८२ मिति : २०८१/०६/१७

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार प्लाजा,
काठमाडौं ।

**विषय : जानकारी गराइएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०८१ असोज १७ गते बिहिबार, बिहान ९.०० बजे बसेको सञ्चालक समितिको बैठक संख्या **२६-११** को निर्णय अनुसार मिति २०८१ कार्तिक १४ गते बुधबार (30th October, 2024) कम्पनीको २७औं वार्षिक साधारण सभा गर्ने प्रस्ताव पारित गरियो ।

साथै कम्पनीको शेयर प्रिमियम, खुद मुनाफा सहितको सञ्चितिबाट हाल कायम रहेको चुक्ता पूँजीको ३ प्रतिशत बोनश शेयर र कर प्रयोजनको लागि ०.१५७ नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरियो । उक्त लाभांश प्रस्तावलाई कम्पनीको २७औ वार्षिक साधारण सभामा अनुमोदनको लागि प्रस्तुत गर्ने निर्णय गरियो ।

साथै वार्षिक साधारण सभा र लाभांश प्रयोजनको लागी मिति २०८१ कार्तिक ०५ सोमबार एक दिनका लागि कम्पनीको शेयरधनी दर्ता किताव बन्द गर्ने निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

भवदीय,

....................
(रञ्जु अधिकारी)
कम्पनी सचिव

**बोधार्थ**

१. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२. श्री विद्युत नियमन आयोग, सानो गौचरण, काठमाडौ ।
३. श्री कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौ ।
४. श्री मुक्तीनाथ क्यापिटल, नारायणचौर, काठमाडौं ।

# अरुण भ्याली हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड

ट्रेड टावर नेपाल, दोस्रो तल्ला थापाथली-११, काठमाण्डौ
फोन नं.०१-५१११०८६, फ्याक्स नं.०१-५१११०३९ पो.ब.नं.११०३९
email: arunvalley2054@gmail.com

को

## २७ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०६/१८**

यस कम्पनीको मिति २०८१ असोज १७ गते बिहिबार बसेको सञ्चालक समितिको बैठक संख्या २६-११ को निर्णय अनुसार कम्पनीको सत्ताईसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### वार्षिक साधारण सभा हुने मिति, समय र स्थान

**मिति** : २०८१ कार्तिक १४ गते बुधबार (30th October, 2024)
**समय** : विहान ११:०० बजे ।
**स्थान** : होटल क्रिस्टल पशुपती, गौशाला, काठमाडौं ।

### छलफल तथा निर्णयका लागि निर्धारित विषय सूची

**(क) सामान्य प्रस्ताव :**

१. अध्यक्षज्युको मन्तव्य सहित सत्ताईसौं वार्षिक साधारण सभा (आ.ब. २०८०/०८१) को प्रयोजनको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरि पारित गर्ने सम्बन्धमा ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.ब. २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरूमा छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८१/०८२ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.ब. २०८०/८१ सम्मको खुद मुनाफा सहितको सञ्चितिबाट हाल कायम रहेको चुक्ता पूँजीको ०.१५७ प्रतिशतले हुन आउने नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्वन्धमा ।

**(ख) विशेष प्रस्ताव :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.ब. २०८०/८१ सम्मको शेयर प्रिमियम, खुद मुनाफा सहितको सञ्चितिबाट हाल कायम रहेको चुक्ता पूँजीको ३ प्रतिशतले हुन आउने रकम बराबरको बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्वन्धमा ।
२. बोनश शेयर पश्चात कम्पनीको जारी र चुक्ता पूँजी बृद्धि हुने भएकाले प्रबन्धपत्र तथा नियमावलीका आवश्यक दफाहरु संशोधन गर्ने सम्बन्धमा ।
३. लिखु खोला जलविद्युत आयोजनाको निर्माणको लागि बैंक तथा वित्तिय संस्थाहरुसँग गरिएको ऋण सम्झौतामा Corporate Guarantee दिने सम्वन्धमा ।
४. कम्पनीको नियमावली तथा प्रबन्धपत्रमा आवश्यक संशोधन गरि कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्विकृत लिने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्नु परेमा सो गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग) विविध**

## वार्षिक साधारण सभा सम्बन्धी जानकारीहरुः

**साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु**

१) शेयरधनीहरुको दस्तखतको लागि शेयरधनी उपस्थिति पुस्तिका विहान १०:०० बजेबाट खुल्ला गरिनेछ ।
२) साधारण सभामा उपस्थित हुने शेयरधनीहरूले आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको कुनै प्रमाण पत्र वा हितग्राही खाता (Demat Account Statement) खोली शेयरको अभौतिकरण गरिएको विवरण देखिने (Demat Account Statement) वा साथमा शेयर प्रमाण पत्र लिई सभामा भाग लिन हुन अनुरोध छ ।
३) आफ्नो मन्तव्य राख्न चाहानु हुने शेयरधनी महानुभावहरुले कम्तिमा २४ घण्टा अगावै कम्पनी सचिव वा कम्पनीको आधिकारिक Email: arunvalley2054@gmail.com मा सम्पर्क गरी नाम टिपोट गराउनु हुन अनुरोध छ ।
४) २७ औं वार्षिक साधारण सभा प्रयोजनको लागी मिति २०८१ कार्तिक ०५ सोमबार एक दिनका लागि शेयरधनी दर्ता किताव बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१ कार्तिक ०४ गते सम्म कारोबार भई म्याद भित्र यस कम्पनीको शेयर रजिष्ट्रार मुक्तीनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन योग्य हुनेछन् ।
५) साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गर्नु पर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा वा निर्वाचनमा भाग लिएमा प्रतिनिधि पत्र स्वतः बदर हुनेछ ।
६) एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।
७) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्य दिन अगावै कम्पनी सचिव मार्फत् सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने/नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहित हुनेछ ।
८) २७ औं वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय दोस्रो तल्ला, ट्रेड टावर नेपाल, थापाथली, काठमाण्डौ वा शेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंमा सम्पर्क राख्न अनुरोध गरिन्छ । थप जानकारीको लागि कम्पनीको वेवसाइट www.arunhydro.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।

**सञ्चालक समितिको आज्ञाले ।**
**कम्पनी सचिव**